# अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्नमा, सिरहा
## शिक्षा,युवा तथा खेलकुद शाखा
### मधेश प्रदेश, नेपाल

Email– ito.arnamamun@gmail.com

प.सं.२०७९/०८०  मिति:२०७९/०९/२० गते

च.नं. १०६५

बिषय:-निवन्ध प्रतियोगितामा सहभागी गराउने सम्बन्धमा ।

श्री सबै विधालयहरु,
अर्नमा गाउँपालिका,सिरहा।

उपरोक्त सम्बन्धमा अख्तिया दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास,महोत्तरीको च.न.१७६८/BDS-७९८०-२८९६५ मिति २०७९/०९/१७ गतेको पत्र यसै साथ संगलन छ।व्यहोरां सोहीबाट अवगत गरी माँग बमोजिमको सहभागी पठाउन हुन जानकारी साथ अनुरोध छ।

२०७९/०९/२०

वोधार्थ:
श्री सूचना प्रविधि शाखा:वेवसाइटमा अपलोड गरि दिनु हुन।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

बर्दिबास, महोत्तरी

फोन : ०४४-५५०६८६
फ्याक्स : ०४४-५५०५३१

पत्र संख्या : ०७९/०८० (प्रशासन)
च.नं. : १६६८

BDS-7980-28965

मिति : २०७९/०९/१७

विषयः निबन्ध प्रतियोगिता बारेको सूचना सम्प्रेषण गरी सहयोग पु-याउने सम्बन्धमा ।

श्री सिरहा जिल्ला स्थित सबै स्थानीय तहहरु ।

उपर्युक्त विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह (कक्षा ९-१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको हुँदा तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुसम्म संलग्न बमोजिमको सूचना सम्प्रेषण तथा समन्वय र सहजीकरण समेत गरी सहयोग पु-याउनु हुन अनुरोध छ ।

(गोपाल कुमार अधिकारी)
कार्यालय प्रमुख
सह सचिव

दर्ता नं.:- १०५०
दर्ता मिति:- ०६९/५/१५
गा.का.पा.को.का.अर्नमा

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास, महोत्तरीको

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौ स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निबन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ। (द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)

२. प्रतियोगिताका सहभागी : सिरहा/ धनुषा/ महोत्तरी/ सर्लाही/ सिन्धुली/ रामेछाप/ खोटाङ्ग/ ओखलढुङ्गा/ सोलुखुम्बु जिल्लाका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु ।

३. निबन्धको शब्द सीमा: निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ ।

४. निबन्धको भाषा :- निवन्ध नेपाली भाषामा लेख्नुपर्नेछ ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया: प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निवन्ध साथ आफ्नो नाम थर ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयवाट कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आयोगको कार्यालय, बर्दिवासमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

**(Email: ciaabardibas@gmail.com)**

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०७९ साल माघ ६ गतेसम्म आयोगको कार्यालय, बर्दिबासमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउनु वा इमेल गर्नुपर्नेछ ।

७. <u>पुरस्कार :-</u> निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई यस कार्यालयबाट देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

१. प्रथमः - रु. १२,०००।- (बाह हजार) - १ जनालाई

२. द्वितीयः - रु. ९,०००।- (नौ हजार) - १ जनालाई

३. तृतीयः - रु. ७,५००।- (सात हजार पाँच सय) - १ जनालाई

८. आयोगका सात (७) वटा कार्यालयहरूमा प्रथम हुने निबन्ध मध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन समिति मार्फत एउटा सर्वोत्कृष्ट निबन्ध छनौट गरिनेछ । सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई नगद रु २५,०००।- (पच्चीस हजार) र प्रमाणपत्र सहित आयोगको ३२ औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा काठमाण्डौमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ ।

९. राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र निजको एक जना अभिभावकलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा प्रदान गरिने तथा उपत्यकाभित्रको विद्यार्थीहरुको हकमा आतेजाते खर्च स्वरूप एकमुष्ट रकम रु. ३,०००।– (तीन हजार) प्रदान गरिनेछ ।

(यस सम्बन्धी विस्तृत विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ ।)